# नेपाल सरकार
## गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

प.सं. २०७७।०७८(प्रशासन शाखा) प्रदेश नं. १, नेपाल


च.नं. मिति:-२०७७।०६।३०

### जिल्ला प्रशासन कार्यालय, तेह्रथुमबाट जारी गरिएको सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १२३० मिति २०७७।०६।३० गतेको पत्रानुसार प्राप्त नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०५।२९ गतेको बैठकबाट संक्रामक रोग ऐन, २०२० को दफा (२) बमोजिम जारी आदेशमा नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७७।०६।२६ को निर्णयबाट संशोधित आदेश जानकारी एवं कार्यन्वयन गर्नका लागि सम्बन्धित सबैमा सूचित गरिएको छ । आदेशको उलंघन गर्नेलाई सोही ऐन बमोजिम कार्वाही गरिने व्यहोरा समेत अनुरोध छ ।

१. छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहाय बमोजिम हुने गरी मिति २०७७।०७।०१ गतेदेखि सञ्चालन गर्ने ।
   - क) ...................
   - ख) ...................
   - ग) सबै यात्रुले मास्क लागउने ।
   - घ) यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारीसाधन भित्र सेनिटाईजर समेतको व्यवस्था गर्ने ।
   - ङ) चालक तथा सहचालकले मास्क, भाईजर र पन्जा लगाउने ।
   - च) सावरी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने ।
   - छ) ...................
   - ज) सार्वजनिक यातायात सञ्चालन र यात्रु व्यवस्थापन सम्बन्धी थप र विस्तृत मापदण्ड भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तयार गरी लागू गर्ने ।
   - झ) सार्जनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन उल्लेखित भए/नभएको र स्वास्थ्य तथा सुरक्षाको मापदण्डको कडाईको साथ पूर्ण पालना भए/नभएको अनुगमन यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने/गराउने ।

२. मिति २०७७ कार्तिक १ गतेदेखि २०७७ कार्तिक मसान्तसम्म जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) बाट भएको कोभिड१९ को संक्रमण जोखिमको विश्लेषणका आधारमा देहायको अवस्थामा देहायबमोजिमको अधिकारसमेत प्रयोग गर्न सक्ने गरी संक्रामक रोग ऐन, २०२० को दफा (२) बमोजिम सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई अधिकार सुम्पने:-

विश्वराज न्यौपाने
प्रमुख जिल्ला अधिकारी

क) २०० भन्दा बढी सक्रिय संक्रमित भएको जिलामा अन्य जिल्लाबाट र त्यस्तो जिल्लाबाट अन्य जिल्लमा सवारी साधनको आवतजावतलाई नियमन, व्यवस्थापन वा नियन्त्रण गर्ने ।

ख) ५०० भन्दा बढी सक्रिय संक्रमित भएको जिल्लामा वा जिल्लाभित्रको कुनै भागमा कुनै सेवा वा कार्यमा रोक लगाउने ।

ग) कुनै एक जिल्लाबाट अरेको जिलामा जाँदा बाटोमा पर्ने जिल्लामा खण्ड (क) वा (ख) बोजिमको यातायात वा आवागमन नियमन, व्यवस्थापन वा नियन्त्रण गरिएको भए त्यस्तो नियमन, व्यवस्थापन वा नियन्त्रण गर्ने जिल्लाले गन्तव्य जिल्लासम्मको आवागमनमा कुनै किसिमको बाधा व्यवधान नगर्ने ।

घ) कुनै जिल्लामा खण्ड (क) वा (ख) बमोजिम आवागमन निषेध गर्ने गरी कुनै व्यवस्था गरिएकोमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको लिखित अनुमति नभई अरु कुनै जिल्लाले त्यस्तो निषेध गरिएको जिल्लामा प्रवेश गर्ने गरी यात्रा अनुमति जारी नगर्ने ।

३. आन्तरिक हवाई उडान देहायबमोजिम हुने गरी मिति २०७७।०७।०१ देखि सञ्चालन गर्ने ।

क) ..................

ख) ..................

ग) सबै यात्रुले मास्क र भाईजर लगाउने ।

घ) यात्रु चढ्ने समयमा विमानको ढोकामा र प्रत्येक सिटमा सेनिटाइजरको व्यवस्था गर्ने ।

ङ) विमानलाई चालक तथा अन्य उडान कर्मचारीहरुले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने ।

च) विमानलाई प्रत्येक उडानपछि निसंक्रमित गर्ने ।

छ) ..................

ज) आन्तरिक हवाई उडान सञ्चालन र व्यवस्थापन सम्बन्धी थप र विस्तृत मापदण्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तयार गरि लागू गर्ने/गराउने ।

झ) हवाई उडान सञ्चालन तथा व्यवस्थापन यस दफा बमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाईका साथ पूर्ण पालना भए नभएको अनुगमन नेपार नागरिक उड्डयन प्राधिकरणले गर्ने/गराउने ।

३क. छोटो मध्यम तथा लामो दूरीका सार्वजनिक सावरी साधन तथा आन्तरिक हवाई सेवामा मिति २०७७ चैत ११ गते अघि कायम भएको नियमित भाडादर लागू हुने । कुनै किसिमको थप भाडा लिन नपाईने ।

४. उपलब्ध र उपयुक्तताको आधारमा दूरशिक्षा लगायतका बैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाई कार्यलाई निरन्तरता दिने ।

५. सबै कार्यालय, निकाय एवं संघसंस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

विश्वराज न्यौपाने
प्रमुख जिल्ला अधिकारी


फोन/फ्याक्स: ०२६-४६०-५९९/१३३, ईमेल: tehrathumdao@gmail.com
वेबसाईट: www.daoterathum.moha.gov.np

६. देहाय बमोजिमका सेवा र कार्यहरु अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने ।

क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र)

ख) ................

ग) २५ जनाभन्दा बढी सहभागी नहुने गरी अन्यावश्यक स्वास्थ्य र सुरक्षासँग सम्बन्धित बैठक, गोष्ठी वा सेमिनार तथा भर्चुअल बाहेक सबै प्रकारका बैठक, गोष्ठी वा सेमिनार र बैठक, गोष्ठी वा सेमिनार

घ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;

ङ) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगाय

तका मनोरञ्जन स्थल;

च) सैलुन, ब्यूटीपार्लर तथा स्पा;

छ) स्वीमिङपुल, जिमखाना लगायत हेल्थ क्लब;

ज) समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति;

झ) अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल;

ञ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;

ट) पुस्तकालय, संग्रहालय र चिडियाखाना;

६क) विश्वविद्यालय, आयोग, प्रतिष्ठान, बोर्ड, परिषद्, विद्यालय तथा शिक्षण संस्थाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्वस्वीकृतिमा जनस्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना हुनेगरी सो मन्त्रालयले तोकेको विधि, पद्धति, प्रक्रिया तथा अन्य व्यवस्थाहरु अवलम्बन गरी परिक्षा सञ्चालन गर्ने । लोक सेवा आयोगद्वारा सञ्चालन हुने परीक्षाको हकमा जनस्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी विधि, पद्धति, प्रक्रिया तथा अन्य व्यवस्थाहरु आयोगले निर्धारण गर्ने ।

६ख) जनस्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पूर्णा पालना हुने गरी तालिम प्रदायक एकपटकमा बढीमा २५ जना सहभागी हुने गरी बढीमा एक हप्ताको व्यवसायिक तालिम सञ्चालन गर्न सक्ने ।

७. बुँदा नं. ६ बोजिमका सेवा र कार्यहरु बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिक लगायत सबैले स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

८. यस आदेशमा उल्लेख भएको बाहेक अन्य विषयमा नेपाल सरकारबाट समय-समयमा संक्रामक रोग ऐन, २०२० को दफा (२) बमोजिम जारी भएका आदेशहरु बमोजिम हुने ।

"कोरोना भाईरस संक्रमित तथा प्रतिकार्यमा खटिने सम्पूर्ण जनशक्ति तथा विरामीहरुलाई माया गरौं"

"कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।"

०७७/०३/३०

विश्वराज न्यौपाने
प्रमुख जिल्ला अधिकारी



फोन/फ्याक्स: ०२६-४६०-५९१/१३३, ईमेल: tehrathumdao@gmail.com
वेबसाईट: www.daoterathum.moha.gov.np